वर्ष १४ अंक ०२ २०७८ पौष २७ मंगलबार TANAHUN UDGHOSH DAILY January 11, 2022 मुल्य रु.५ पृष्ठ संख्या ४

निष्पक्ष खबरहरूको संगाली
तनहुँ उद्घोष
राष्ट्रिय दैनिक
THE TANAHUN UDGHOSH NATIONAL DAILY

प्रो. विष्णु पराजुली
मौलाकाली सप्लायर्स
हार्डवेयर पसल
व्यास-२, मेनरोड, बागबजार, दमौली, तनहुँ
फोन: ०६५-५६३८४५ ९८४१६२७०६२, ९८४६०६५४७० ९८०५८००२३५

छड, सिमेन्ट, बिजुलीका सामान, धाराका पाइप, धारा, प्लाई, ढोका, कौटी, कब्जा, किल्ला, रंग रोगनका सामानका साथै घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

# विद्यालयहरू आजदेखि नै बन्द हुने, पूर्वनिर्धारित परीक्षा नरोकिने

**उद्घोष सम्वाददाता**
**दमौली २६ पौष ।**

कोरोना संक्रमण बढ्दै गएपछि विद्यालय बन्दको निर्णय गरेको सरकारले पुस २७ गतेदेखि नै विद्यालयहरु बन्द हुने बताएको छ।

सोमबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले विज्ञप्ति जारी गरी पुस २७ देखि माघ १५ गतेसम्म विद्यालयहरु बन्द हुने जानकारी दिएका छन्।

यसअघि सोमबार कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसीसी) ले माघ १५ गतेसम्म विद्यालय बन्द गर्न आग्रह गर्ने निर्णय गरेको थियो।

मन्त्रालयले विद्यार्थीलाई वैकल्पिक सिकाइसँग जोड्न मन्त्रालयले निर्देशन दिएको छ । विज्ञप्तिमा भनिएको छ 'विदाको अवधिमा सिकाइ सहजीकरण निर्देशिका २०७७ ले गरेको व्यवस्था बमोजिम सिकाइमा आवश्यक सहजीकरण गर्ने प्रबन्ध मिलाउनू।'




त्यस्तै विश्वविद्यालय शैक्षिक प्रतिष्ठानहरुको पूर्वनिर्धारित सेमेष्टर, वार्षिक परीक्षाका कार्यक्रमहरु जनस्वास्थ्य र सुरक्षाको मापदण्डहरु पूर्ण रुपमा पालना गर्न निर्देशन दिएको छ। जेड आकारमा विद्यार्थीको बसाइ व्यवस्था गरी परीक्षा सञ्चालन गर्न मन्त्रालयले आग्रह गरेको छ।

आफ्नो भनेको आफ्नै हुन्छ



स्वास्थ्य सन्देश

कोरोना भाइरसले फोक्सोलाई क्षती पुऱ्याउछ। सुर्तिजन्य पदार्थ सेवन गर्नेहरुको फोक्सोमा पहिले नै समस्या भइसकेको हुन्छ। कोरोना भाइरसले झन बढी क्षति पुऱ्याउँछ। त्यसलै सुर्तीजन्य पदार्थको सेवन कहिल्यै नगरौं।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपि कोईराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्र
दुलेगौंडा, तनहुँ

CITY GENERAL HOSPITAL Pvt. Ltd.
सिटी जनरल हस्पिटल प्रा. लि.
व्यास-३,दमौली, तनहुँ फोन नं. : ०६५-५९०२२०



राष्ट्रिय वाणिज्य बैंक दमौली शाखा सँगै
- हाडजोर्नी तथा प्लास्टर सेवा
- नेबुलाईज सेवा
- स्वास्थ्य कार्यक्रम
- मेशिनद्धारा फोक्सोको जाँच
- A.C. सहितको जनरल वार्ड
- शनिबार तथा सार्वजनिक बिदा बाहेक हरेकदिन विशेषज्ञ डाक्टरहरुद्धारा नि:शुल्क बिरामी जाँच गरिने ।
- गरीब तथा विपन्न वर्गहरुको लागि विशेष छुटको व्यवस्था
- जेष्ठ नागकिहरुलाई सम्पूर्ण सेवा सुविधामा १० प्रतिशत छुटको व्यवस्था ।

अस्पतालका सेवाहरु:-
- सघन उपचार सेवा
- डिजिटल एक्स-रे
- भिडियो एक्स- रे
- मुटुको भिडियो एक्स-रे
- बालरोग सेवा
- उच्च गुणस्तरको आधुनिक प्रयोगशाला

सम्पर्क मोवाइल नं. ९८६६६७३०४८
MBBS, MD (Internal Medicine) Consultant Physician
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, प्रेसर, सुगर तथा थाइराइड रोग विशेषज्ञद्धारा दैनिक बिरामी परीक्षण तथा बिरामी भर्ना सेवा ।
२४ सै घण्टा इमर्जेन्सी सेवा

प्रताप आर्टस् एण्ड फ्लेक्स प्रिन्ट आफ्नै भवनमा सरेको जानकारी गर्दछु (तोरी पेल्ने मिल संगै)
Managing Director Pratap Prasad Shrestha
प्रताप आर्टस् एण्ड फ्लेक्स प्रिन्ट
व्यास-४, नमुना टोल, दमौली
065-560059 OFFICE
9856078777, 9846023777, 9817144777
prataparts08@gmail.com
मायाको चिनो, व्याज, प्रमाण पत्र, फोटो फ्रेमका साथै गुणस्तरिय फ्लेक्स प्रिन्ट, लोड सेडिङको बेला, ईमेल तथा फोन बाट पनि सुपथ मूल्यमा काम गर्ने एक मात्र ठाउँ।

# कोरोनाको बढ्दो ग्राफ : ठूला शहर र सीमा नाकामा चाप

**काठमाडौं, २४ पौष ।** पुस १९ गतेयता कोरोना भाइरसको दैनिक संक्रमण वृद्धि हुँदै गएको छ। पुस १९ गते औसत १०० जनामा कोरोना परीक्षण गर्दा २.६ जनामा संक्रमण देखिएकामा पुस २५ गते भने ९.२४ जनामा देखिएको छ।

पछिल्लो २४ घण्टामा १२ हजार ६३२ परीक्षण (पीसीआर र एन्टिजेन) हुँदा ११६७ जनामा संक्रमण पुष्टि भएको छ। संक्रमित यो संख्या दोस्रो लहर मत्थर भएपछि सबैभन्दा धेरै हो।

*उपत्यका संक्रमण फैलावटको केन्द्र बन्दै*

काठमाडौं उपत्यकाका तीन ठूला शहरमा दैनिक कोरोना संक्रमित संख्या बढ्दो छ। दैनिक संक्रमण हुने संख्या बढ्दै जाँदा संघीय राजधानी काठमाडौं उपत्यका कोरोना संक्रमण फैलावटको केन्द्र बन्न सक्ने खतरा बढ्दै गएको देखिन्छ।

संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुन दोस्रो लहरमा पनि शहरबाटै गाउँतिर कोरोना फैलिएको बताउँछन्। 'अहिले पनि विशेष गरेर ठूला शहरहरु काठमाडौं, भक्तपुर र ललितपुरमा संक्रमित संख्या बढ्दो छ। यो स्वभाविक पनि हो। जनस्वास्थ्यको मापदण्ड पालना नगर्दा बढी जनघनत्व भएको ठाउँमा संक्रमणले गति लिन्छ' उनले भने।

सरकारले नेपालमा अहिलेसम्म २७ जनामा ओमिक्रोन संक्रमण पुष्टि भएको दावी गरेको छ। भारतमा ओमिक्रोनको संक्रमण तीव्र गतिमा फैलिरहेको छ। भारतसँगको खुला सीमा नाकाका कारण मानिसहरु सहजै नेपाल भित्रिरहेका छन्। भारतबाट नेपाल भित्रिएका धेरै नागरिकमा संक्रमण पुष्टि भइरहेको छ। सीमा नाकामा एन्टिजेन परीक्षण नभएकाहरु सहजै देशका विभिन्न भागमा पुगिरहेका छन्। उनीहरुबाट संक्रमण फैलने खतरा रहेको डा. पुन बताउँछन्।

स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार पछिल्लो २४ घण्टामा काठमाडौं, ललितपुर र भक्तपुरमा ६१५ जनामा संक्रमण पुष्टि भएको छ। यो संख्या कुल संक्रमित संख्याको आधाभन्दा बढी हो। पुस १९ गते काठमाडौं जिल्लामा १४० जना संक्रमित थपिएका थिए। तर पुस २५ गते यो संख्या ४९१ पुगेको छ। यस्तै भक्तपुरमा पुस १९ गते १६ जना मात्रै संक्रमित थपिएका थिए। तर पुस २५ गते यो संख्या बढेर २५ मा पुगेको छ। यस्तै ललितपुरमा पुस १९ गते २८ जना संक्रमित थपिएका थिए। तर आइतबार यो संख्या बढेर ९९ पुगेको छ।

*सीमाका ठूला शहर पनि कोरोनाको चपेटामा*

स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार भारतसँग सिमाना जोडिएका शहरमा पनि संक्रमितको संख्या बढिरहेको छ। मोरङको विराटनगर र रुपन्देहीको बुटवल शहरमा पछिल्लो समय दैनिक कोरोना संक्रमण पुष्टि हुने संख्या बढ्दो छ।

मोरङमा पछिल्लो २४ घण्टामा ५१ जनामा संक्रमण पुष्टि भएको छ। त्यहाँ पुस २३ गते २९ र पुस २४ गते १६ जनामा संक्रमण पुष्टि भएको छ। हेल्थ डेस्कमा दैनिक संक्रमण पुष्टि हुने संख्याले पनि भारतसँग सीमा जोडिएका शहरहरु कोरोनाको बढी जोखिममा परेको देखिन्छ। सरकारले कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको फैलावट रोक्नका लागि भारतसँग सीमा जोडिएका नाका र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हेल्थ डेस्क राखेर परीक्षणलाई तीव्रता दिँदै आएको छ।

पछिल्लो एक सातायता हेल्थ डेस्कमा गरिएको एन्टिजेन परीक्षण अनुसार पुस १९ गते ५ जना संक्रमित फेला परेका थिए। तर पुस २५ गते यो संख्या बढेर २५० जना पुगेको छ। संक्रामक रोग विशेषज्ञ डा. पुन सीमा नाकाको हेल्थ डेस्कमा बढी संक्रमित पुष्टि हुनुलाई पनि आश्चर्य मान्दैनन्। उनी भन्छन्, 'भारतमा ओमिक्रोन तीव्र गतिमा फैलिरहेको छ। हेल्थ डेस्कमा परीक्षण हुने व्यक्तिहरु उतैबाट आएका हुन्। ओमिक्रोन प्रभावित ठाउँबाट आएका व्यक्तिहरुको परीक्षण हेल्थ डेस्कमा हुने भएकाले बढी संक्रमित देखिएको हो।'




*पोखरा शहर पनि कोरोनाको जोखिममा*

भारतीय सीमा नाकासँग जोडिएका शहर र संघीय राजधानी काठमाडौं उपत्यकाका तीन ठूला शहर मात्रै होइनन्, पर्यटकीय नगरीको रुपमा पहिचान बनाएको कास्कीको पोखरामा पनि कोरोना संक्रमण बढ्दो छ। पछिल्लो २४ घण्टामा कास्कीमा २४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। गत पुस २० गते १२ जना मात्रै संक्रमित थपिएका थिए। पुस २० गतेको तुलनामा आइतबार दोब्बरले संक्रमित थपिएका हुन्। पर्यटकीय चहलपहल, राजनीतिक गतिविधि, जनस्वास्थ्यका मापदण्ड पालनामा हेलचेक्र्याइँ लगायतले गर्दा पोखरामा कोरोना संक्रमण बढ्दै गएको हुन सक्ने जनस्वास्थ्यविद्हरु बताउँछन्।

संक्रामक रोग विशेषज्ञ डा. पुन दोस्रो लहर मत्थर भएसँगै बढेको भीडभाडले पनि संक्रमण पुनः फैलन सघाएको बताउँछन्। डा. पुनले भने, 'कोरोनाका सामान्य लक्षण भएका सबैले अहिले परीक्षण गरिरहेको अवस्था छैन। जसका कारण भित्रभित्रै यसको संक्रमण फैलिरहेको हुन सक्छ। त्यसैले जनस्वास्थ्यको मापदण्ड पालनामा कडाइ गर्नु आवश्यक छ।'

*अस्पतालमा संक्रमितको चाप बढ्दो*


कोरोना संक्रमण बढेसँगै काठमाडौं उपत्यका लगायतका अस्पतालहरुमा संक्रमितहरुको चाप बढेको छ। कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पतालका प्रमुख प्रशासकीय अधिकृत डा. भुपेन्द्रकुमार बस्नेतका अनुसार वीरका साथै समन्वय गरेका उपत्यकाका १३ र प्रदेशका ७ वटा अस्पतालमा बिरामीको संख्या बढेको छ।

स्वास्थ्य मन्त्रालयको नियमित ब्रिफिङका डा. बस्नेतले भने, 'सबै अस्पतालहरुमा एक हप्ता अगाडिभन्दा दोब्बर संख्यामा बिरामीहरु भर्ना भएका छन्।' कोभिडको संक्रमण बढेको भन्दै उनले जनस्वास्थ्य मापदण्ड पालना गर्न र सतर्कता अपनाउन आग्रह गरे।

*(अनलाइनखबर)*

# कोभिड खोपले बालबालिकामा रोग प्रतिरोधात्मक क्षमता बढाउँछ : अध्ययन

**काठमाडौं, २५ पौष ।** बालबालिकामा कोभिडविरुद्ध लगाइने खोपले बच्चाको रोग र मृत्युदर घटाउनुको साथै वयस्कलाई पनि फाइदा गर्ने अनुसन्धानकर्ताहरुले बालबालिका र वयस्कमा महामारी विज्ञानसम्बन्धी मोडल प्रयोग गरेका थिए। अध्ययनअनुसार पाँचदेखि ११ वर्षका बालबालिकामा खोपसँग बालबालिकाहरूलाई कोभिड खोप दिने तयारी भइरहेको छ। खोप लगाएका बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता बृद्धि हुने अध्ययनमा उल्लेख छ। पछिल्लो




अस्ट्रेलिया र क्यानडाको एउटा अध्ययनले जनाएको छ। सरकारले पाँच वर्षदेखि ११ वर्षका बालबालिकालाई खोप दिने तयारी गरिरहेका बेला ग्रिफिथ युनिभर्सिटीले पछिल्लो अध्ययन गरेको हो।

बालबालिकामा खोपको असर, उनीहरुको अस्पताल भर्ना, मृत्यु, जटिलता लगायतका विषयहरुमा गरिएको सो अध्ययनमा सम्बन्धित मायोकार्डाइटिस र एनाफाइल्याक्सिसको समस्या निकै दुर्लभ देखिएको छ।

'खोप लगाएका बालबालिकामा भविष्यमा अन्यको तुलनामा रोगको जोखिम कम देखिएको छ,' ग्रिफिथ युनिभर्सिटीका प्राध्यापक मिसेल गुडले भने। अस्ट्रेलियामा यस वर्ष विद्यालय सुरु हुनुअघि खोप लगाउन योग्य २३ लाख समय अस्ट्रेलियामा औषतमा दैनिक एक लाख जनामा कोभिड संक्रमण देखिएको छ।

कोभिडको नयाँ भेरियन्ट ओमिक्रोन फैलिएसँगै संक्रमितको संख्या पनि दिनहुँ बढिरहेको छ। संक्रमण बढे पनि सरकारले तत्काल लकडाउन नगर्ने संकेत गरेको छ। यद्यपि, केही प्रतिबन्ध भने लागू गरिएका छन्।

*(रातोपाटी)*

☞ नोबेल कोरोना भाइरस भनेको के हो ?

– यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरुमा संक्रमण गर्दछ। यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ।

☞ के मानिसमा जनावरहरुबाट नोबेल कोरोना भाइरस संक्रमित हुन सक्दछ ?

– नोबेल कोरोना भाइरस जनावरबाट मानिमा संक्रमित भएको कुनै वैज्ञानिक आधार छैन।

☞ के नोबेल भाइरस र सार्स एउटै हुन् ?

– सन् २००३ मा देखिएको सार्स र नोबेल कोरोना भाइरस एउटै प्रजाति भाइरस हुने। दुवै भाइरस बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्वपूर्ण कुरा नोवेल कोरोना भाइरस मानिसहर बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

☞ मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ ?

– मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म वैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस विषयमा अनुसन्धान भइरहेको छ।

☞ के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?

– अहिले निश्चितताका साथै भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरु बिरामी भएको पाइएकोले, मानव( मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरु एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

☞ यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?

– सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वासप्रश्वास बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

☞ के कोरोना भाइरसको लागि उपचार छ ?

– नाबेल कोरोना भाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यापि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरुको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय दमौली, तनहुँ

# मोदीको अभिव्यक्तिप्रति विप्लव समूहको आपत्ति

**काठमाडौं, २६ पौष ।** नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका भूभागबाट आफ्ना सैनिक फिर्ता लैजानुको सट्टा चीनको मानसरोवर जोड्न बलजफ्ती बनाइएको बाटो चौंडा र विस्तार गर्ने गरेको घोषणाप्रति आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।

नेकपाको अन्तर्राष्ट्रिय विभागले सोमबार विज्ञप्ति निकालेर भारतीय प्रधानमन्त्री मोदीले नेपाली भूभागबाट चीनको मानसरोवर जोड्ने बनाइएको बाटो चौंडा र विस्तार गर्ने घोषणाप्रति नेपाल सरकार मौन बस्नु देश र जनताका लागि शर्मनाकको विषय बनेको बताएको छ।

नेपाली भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेकबाट आफ्नो सैनिक फिर्ता लैजानुको सट्टा मानसरोवर जोड्न बनाइएको बाटो चौडा र विस्तार गर्ने मोदीको घोषणाप्रति ध्यानाकर्षण भएको जनाएको विप्लव समूहले सो घोषणाप्रति मौन बस्ने नेपाल सरकारको रवैया देश र देश र जनताका लागि शर्मनाक विषय भएको बताएको हो।

***यस्तो छ विभागका इन्चार्ज कञ्चनले जारी गरेको विज्ञप्ति***

भारत सरकारका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका भू-भाग लिम्पियाधुरा, कालापानी, लिपुलेकबाट आफ्ना सैनिक फिर्ता



लैजानुको सट्टा चीनको मानसरोवर जोड्न बलजफ्ती बनाइएको बाटो चौडा र विस्तार गर्ने घोषणाले हाम्रो पार्टीको ध्यानाकर्षण गरेको छ।

नेपाली काँग्रेस नेतृत्वमा बनेको नेपाल सरकार भारतीय रवैयाप्रति चुप लागेर बस्नु, नेपालका लागि भारतको दलाली गर्नु, उसको साम्राज्यवादी नीतिप्रति दब्बुपना देखाउनु देश र जनताका लागि शर्मनाक विषय हो। हाम्रो पार्टी भारत सरकारलाई यो साम्राज्यवादी हर्कत तुरुन्त बन्द गर्न जोडदार अपिल गर्दछ र नेपाल सरकारलाई तुरुन्त कूटनीतिक पहलबाट त्यस क्षेत्रको सार्वभौमिकताको सुरक्षा सुनिश्चित गर्न जोडदार माग गर्दछ। साथै लिम्पियाधुरा, कालापानी, लिपुलेक क्षेत्रका जनताको जनगणना गर्नबाट भारतले रोकावट गर्नु नेपालको सार्वभौमिकता माथिको हस्तक्षेप हो। कूटनीतिक पहलबाट यी मुद्दाहरु सल्ट्याउन पनि हाम्रो पार्टी नेपाल सरकारसँग जोडदार माग गर्दछ।

*(अनलाइनखबर)*

# भारतमा एकैदिन १ लाख ८० हजार कोरोना संक्रमित थपिए

**काठमाडौं, २६ पौष ।** छिमेकी मुलुक भारतमा दैनिक कोरोना संक्रमितको संख्या एक लाख ८० हजार नजिक पुगेको छ।

भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार सोमबार कोभिड-१९ का एक लाख ७९ हजार ७२३ नयाँ संक्रमित थपिएका छन्। पछिल्लो २४ घण्टामा १४६ जना संक्रमितको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

आज थपिएका संक्रमितसँगै हाल भारतमा सक्रिय संक्रमितको संख्या ७ लाख २३ हजार ६१९ पुगेको छ। त्यस्तै, दैनिक संक्रमण दर (पोजिटिभिटी रेट) १३.२९ प्रतिशत रहेको भारतीय समाचार माध्यमले जनाएका छन्।

जभारतमा कोभिड-१९ को नयाँ ओमिक्रोन भेरियन्टका संक्रमित समेत बढिरहेका छन्। त्यहाँ हालसम्म ४ हजार ३३ जनामा यो



भेरियन्टको संक्रमण पुष्टि भएको छ। ओमिक्रोनका संक्रमितमध्ये महाराष्ट्रमा सबैभन्दा धेरै छन्।

केन्द्रीय मन्त्रालयका अनुसार महाराष्ट्रमा सोमबारसम्म ओमिक्रोनबाट संक्रमित हुनेको संख्या १ हजार २१६ पुगेको छ। दोस्रो स्थानमा रहेको राजस्थानमा ओमिक्रोनका संक्रमितको संख्या ५२९ पुगेको छ। त्यस्तै, हालसम्म दिल्लीमा ५१३ र कर्नाटकमा ४४१ जना यो भेरियन्टबाट संक्रमित भएका छन्।लागि शर्मनाक विषय भएको बताएको हो।

*(अनलाइनखबर)*










## आन्तरिक राजस्व कार्यालय दमौलीको अत्यन्त जरूरी सूचना

नेपाल सरकारले २०७८ को आर्थिक ऐनमार्फत करदाताहरुलाई उपलब्ध गराएका निम्नानुसारका विभिन्न कर तथा जरिवाना छुटका स्किमहरुको म्याद सकिन लागेकोले र म्याद सकिएपछि कानूनी कारवाही गरी जरिवाना, व्याज, शुल्क, थप दस्तुर समेत सवै कर असूल गरिने हुँदा तोकिएको म्यादभित्रै सुविधा लिईसक्न आन्तरिक राजस्व कार्यालय दमौली हार्दिक अनुरोध गर्दछ। थप जानकारी चाहिएमा आन्तरिक राजस्व कार्यालय दमौलीको फोन :- ०६५५६४३५२,०६५५६३१२९ मार्फत वा कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ।

**वक्यौता मिनाहा**

-आन्तरिक राजस्व कार्यालयबाट द्दण्ठट असार मसान्तसम्म कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारण भई बक्यौता रहेको रकम मध्ये नक्कली बील सम्वन्धी बक्यौता वाहेक अन्य बक्यौताको हकमा कर र यो सुविधा पाउन निवेदन दिएको मितिस म्मको ब्याज २०७८ पुष मसान्तभित्र बुझाएमा त्यसमा लागेको शुल्क, थप दस्तुर र जरीवाना मिन्हा हुनेछ।

- गैरनाफामूलक सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था तथा विद्युतीय सञ्जालमा आधारित सवारी सेवा उपलब्ध गराउने सञ्चालकलाई आन्तरिक राजस्व कार्यालयवाट २०७८ जेठ १५ गतेभन्दा अघि मू. अ. कर निर्धारण वा संसोधित कर निर्धारण भई न्यायिक प्रक्रियामा नरहेका करदाताले २०७८ पुष मसान्तभित्र बक्यौता मिन्हाको लागि निवेदन दिएमा त्यस्तो बक्यौता मिन्हा हुनेछ।

**PAN मा दर्ता हुन आउनेलाई कर, शुल्क तथा व्याज मिन्हा**

-प्राकृतिक व्यक्तिले २०७५/७६, २०७६/७७ र २०७७/७८ को कर मात्र २०७८ फागुन मसान्तभित्र बुझाई PAN लिएमा त्यसमा लाग्ने शुल्क तथा ब्याज मिन्हा हुनेछ र सोभन्दा अगाडिको सवै कर, शुल्क तथा ब्याज र २०७७/०७८ सम्मको कारोबारमा लाग्ने मू. अ. कर, थप दस्तुर, तथा ब्याज मिन्हा हुनेछ।

**डे-वन र डे-टु आय बिवरण पेश गर्ने करदाताको कारोवार मिसम्याचका लागि स्किमः**

-डे-वन र डे-टु आय विवरणबाट कर दाखिला गरेका करदाताहले २०७३/७४ देखि २०७६/७७ सम्मको कारोबार घोषणा गर्दा वास्तविकभन्दा फरक परेको भएमा त्यस्ता करदाताले २०७८ चैत मसान्तभित्र प्रत्येक आ.ब. को वास्तबिक कारोबार घोषणा गरी फरक बिक्री रकमको १.५% कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुनेछ। साथै सोभन्दा अघिल्ला बर्षको मिसम्याच सम्बन्धमा कुनै छानिवन, अनुसन्धान तथा कर निधार्रण गरिने छैन।

**मूल्य अभिबृदि कर मिनाहा**

-मू.अ. करमा दर्ता भई ढुवानी सेवाको कारोबार गर्ने करदाताले दर्ता नभएको कारण दाखिला गनुर्पर्ने कर दाखिला नगरेको भए कर लाग्ने अवधिको कारोबारको स्वयं घोषणा गरी सोको ज्ञघ प्रतिशतले हुने मू.अ. कर २०७८ पुस मसान्तसम्म दाखिला गरेमा थप दस्तुर, ब्याज र जरिवाना मिन्हा हुनेछ। कर निर्धारण भई वक्यौता रहेका वा सो उपर प्रशासकीय पुनरावलोकन वा पुनरावेदन गरेको भए मुद्दा फिर्ता लिई निर्धारित कर दाखिला गरेमा थप दस्तुर, ब्याज र जरिवाना मिन्हा हुनेछ।

-२०७७ असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारणउपर परेका मुद्दा फिर्ता लिई कायम भएको कर वा अन्तःशुल्क रकम र मुद्दा फिर्ताको निवेदन दिएको मितिसम्मको ब्याजको पचास प्रतिशत रकम २०७८ पौष मसान्तभित्र बुझाएमा शुल्क, थप दस्तुर, जरिबाना तथा बाँकी ब्याज मिन्हा हुने।

# २०औं आहा रारा गोल्डकपमा १० टिमले प्रतिस्पर्धा गर्ने

**काठमाडौं, २४ पौष ।** सहारा क्लब पोखराको आयोजना हुने २०औं आहा रारा गोल्डकपमा ए डिभिजनका ८ सहित कूल १० टिमले प्रतिस्पर्धा गर्ने भएका छन् ।

मोफसलकै सबैभन्दा प्रतिष्ठित गोल्डकपको रुपमा रहेको आहा रारा आगामी माघ ६ देखि १५ गतेसम्म पोखरा रंगशालामा हुँदैछ । आयोजकले सोमबार पोखरामा पत्रकार सम्मेलन गर्दै १० टिमको सहभागि हुने जानकारी दिएको हो । जसमा ८ ए डिभिजन क्लबसहित अमेरिकाबाट आएको एक टिम र आयोजकको टिम हुनेछ।




साविक विजेता संकटा क्लबसहित आहा राराको सफल क्लबहरु मनाङ मर्स्याङ्दी क्लब, नेपाल पुलिस क्लब, थ्रीस्टार क्लबले यस पटक खेल्नेछन् । यस्तै ए डिभिजन लिग च्याम्पियन मछिन्द्र फुटबल क्लब, त्रिभुवन आर्मी एफसी, हिमालयन शेर्पा क्लब, एपीएफ एफसीले पनि प्रतिस्पर्धा गर्नेछ । यस पटक अमेरिकाबाट बीवाईएससीले पनि खेल्नेछ भने आयोजकको टिम पनि रहनेछ।

*सहभागी टिमहरु*

१. संकटा क्लब,
२. नेपाल पुलिस फुटबल क्लब
३. रुस्लान थ्रिस्टार क्लब
४. नेपाल एपीएफ क्लब,
५. मनाङ्ग मस्र्याङ्गदी क्लब,
६. मछिन्द्र क्लब,
७. हिमालयन शेर्पा क्लब
८. त्रिभुवन आर्मी फुटबल क्लब
९. BYSC, MINESOTA, USA.
१०. सहारा क्लब पोखरा

*(अनलाइनखबर)*



व्यास नगरपालिकामा कोरोना भाइरस विरुद्धको खोप लगाउन लाइनमा बसेका सर्वसाधारणहरु ।

*तस्बिरः तनहुँ उद्घोष दैनिक*

**तनहुँ उद्घोष दैनिक पत्रिका खोजी–खोजी पढौं । सम्पर्कः ९८४६१२०३३५**

के तपाई सुपथ मूल्यमा गुणस्तरीय हार्डवेयरका सामाग्रिको खोजीमा हुनुहुन्छ ? अब हामीलाई सम्झनुहोस्

प्रो. कृष्ण अधिकारी 065-590111, 9801303009
प्रो. विरेन्द्र पौडेल 9846243410, 9846307865

**होम हार्डवेयर प्रा.लि.**
व्यास-२, बागबजार, दमौली, तनहुँ

हाम्रा सेवाहरु
१) एशियान पेन्टस । २) प्लाई एभरेष्ट डोर्सको तनहुँ, लमजुङ, गोरखाको मुख्य खुद्रा तथा होलसेल बिक्रेता । ३) विजुली तथा वाइरिङ्का सामानहरू । ४) वेनेकार्डो ब्राण्डका बाथरूम फिटिङ्स् एण्ड सेनेटरीका सम्पूर्ण सामानहरू पाइन्छ

एक पटक हामीलाई सेवा गर्ने मौका दिनुहोस् ।




## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं.२०३९ माघ २५
स्वर्गारोहणः वि.सं.२०७८ पुस १५ गते

**स्व. शान्ति श्रेष्ठ**

तनहुँ जिल्ला ,शुक्ला गण्डकी नगरपालिका वडा नं.-७, खैरेनीटार निवासी श्रेष्ठ साहुखलका सदस्य समुन्द्रराम श्रेष्ठको धर्मपत्नी शान्ति श्रेष्ठको मिति २०७८ साल पुस १५ गते ३९ वर्षको उमेरमा भएको असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

**श्रेष्ठ साहुखल परिवार**
म्याग्दे गा.पा/शु.न.पा

## बन्दिपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ

## प्राविधिक सहायक करारमा पदपुर्ती गर्ने सम्बन्धी सुचना

*प्रथम पटक प्रकाशित मितिः–२०७८/०९/२७*

प्रस्तुत विषयमा यस बन्दिपुर गाउँपालिकाको कार्यलयका लागि आवश्यक प्राविधिक सहायक पद करारमा पद पूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिदसहित यस कार्यलयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-०७८/७९ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तहको सरह | १ |

१) **आवश्यक न्यूनतम योग्यता र अनुभव**
क)सिभिल ईन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
ख) अनुभव र सीपः प्रावधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछः
- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको
- पूर्वधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलमा काम गरको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग)उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
२) **दरखास्त दिने स्थान**ः बन्दिपुर गाउँपालिकाको कार्यलय
३) **दरखास्त दिन अन्तिम मितिः** २०७८।१०।११गते कार्यालय समय सम्म
४) **आवेदन दस्तुर**ः रु ४००।- एन.आई.सी.एशिया. बैंक लि. मा रहेको स्थानिय तह संचित कोष बन्दिपुर गाउँपालिकाको खाता नं. १४६२०५००२६९१२००११ मा जम्मा गरी सोको सक्कलै भौचर संलग्न हुनु पर्नेछ।
५) **छनौटको किसिम**ः प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा
६) **आवेदनका साथ संलग्न कागजातहरु**ः आवेदक स्वयमले प्रमाणीत गरेको कागजातको प्रतिलिपिहरु (नागरिकता, न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात, २ प्रति पासपोर्ट आकारको फोटो)
७) **सेवा सुविधाः** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रक्रियाको दफा(११)(१२)र (१३)बमोजिम हुनेछ।

***नोटः*** थपजानकारीका लागि सम्पर्क नं. ९८५६०६७८२५, आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण www.bandipurmun.gov.np अथवा www.pmep.gov.npमा उपलब्ध छ।

*प्रमुख प्रशासकिय अधिकृत*

तनहुँ उद्घोष दैनिकका लागि प्रकाशक तथा कार्यकारी सम्पादकः उज्वल पौडेल सम्पादकः इश्वरी प्रसाद ढकाल, ब्यवस्थापकः सुर्यभक्त पौडेल, कार्यालय : व्यास नपा-२ अनशन चौतारी अगाडी दमौली, सम्पर्क : ९८४६१२०३३५ E-mail- udghoshdaily@gmail.com मुद्रण : विज्ञान पिर्न्टस, दमौली,